# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२।०८३

चलानी नं.:

मितिः २०८३।०५।१८

विषयः सहकारी संस्थाले अनिवार्य रुपमा पूरा गर्नुपर्ने कार्यहरु सम्बन्धी सूचना ।

श्री सहकारी संस्थाहरु (सबै),
तामाकोशी गाउँपालिका, दोलखा ।

उपरोक्त सम्बन्धमा तामाकोशी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा यस गाउँपालिका कार्यक्षेत्र कायम भएका सम्पूर्ण सहकारी संस्थाहरुले प्रचलित कानून, सहकारी सम्बन्धी नीति, नियम तथा गाउँपालिकाबाट जारी निर्देशनबमोजिम संस्थागत कार्यसम्पादन गर्नुपर्ने भएकाले देहायबमोजिमका कार्यहरु तोकिएको समयसीमाभित्र अनिवार्य रुपमा सम्पन्न गर्नुहुन अनुरोध गरिन्छ।

१. आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित आर्थिक ऐनमा तोकिएबमोजिमको शुल्क बुझाई व्यवसाय नवीकरण गराउनुहुन।

२. आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षण सम्पन्न गराई सो सम्बन्धी आवश्यक विवरण तथा प्रतिवेदन गाउँपालिकामा पेश गर्नुहुन।

३. संस्थाको मासिक तथा वार्षिक प्रगति/वित्तीय प्रतिवेदन प्रचलित कानूनले तोकेको ढाँचामा नियमित रुपमा तयार गरी पेश गर्नुहुन।

४. सहकारी संस्थाले साधारण सभा, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको बैठक लगायत संस्थागत गतिविधिहरु प्रचलित कानून तथा संस्थाको विनियमबमोजिम नियमित रुपमा सञ्चालन गर्नुहुन।

५. गाउँपालिका तथा सम्बन्धित नियामक निकायबाट समय–समयमा माग गरिएका तथ्याङ्क, विवरण, प्रतिवेदन तथा अन्य कागजातहरु तोकिएको समयभित्र उपलब्ध गराउनुहुन।

६. सहकारी संस्थाको अभिलेख, लेखा तथा अन्य आवश्यक कागजातहरु अद्यावधिक एवं व्यवस्थित रुपमा राखी अनुगमन तथा निरीक्षणका क्रममा पेश गर्न सक्ने अवस्थामा राख्नुहुन।

७. सहकारी नियमन प्राधिकरण तथा अन्य निकायहरुबाट जारी निर्देशनको अनिवार्य पालना गर्नु गराउनुहुन।

अतः सहकारी संस्थाको सुशासन, पारदर्शिता तथा प्रभावकारी सञ्चालनका लागि उल्लिखित सम्पूर्ण कार्यहरु तोकिएको समयसीमाभित्र अनिवार्य रुपमा सम्पन्न गर्नुहुन अनुरोध छ ।

..............................
(अर्जुन दर्जी)
प्रमुख प्रशासकीय अधिकृत